# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007 (4th March 1951)

(Mutually affiliated with
Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)



CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2016 - 2019 )**

**President:**
Dr. Mukti Ram Shrestha

**Immediate Past President:**
Dr. Anjani Kumar Jha

**Senior Vice President:**
Dr. Dhundi Raj Paudel

**Vice President:**
Dr. Mukunda Dahal

**General Secretary:**
Dr. Lochan Karki

**Treasurer:**
Dr. Rakshya Shrestha

**Joint Secretary:**
Dr. Abhimanyu Jha

**Joint Treasurer:**
Dr. Prakash Budhathoky

**Members:**
Dr. Anil Bikram Karki
Dr. Badri Rijal
Dr. Bishwa Raj Dawadi
Dr. Krishna Prasad Paudel
Dr. Sailesh Pradhan
Dr. Sanjeeb Tiwari

**Editor-in-Chief:**
Dr. Angel Magar


मितिः २०७४/६/६

## प्रेश विज्ञप्ती

यस पत्रकार सम्मेलन कार्यक्रममा यहाँहरू सबैमा म लगायत नेपाल चिकित्सक संघ कार्य कारिणी समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

**आदरणिय पत्रकार बन्धुहरु,**

आज हामी अत्यन्तै बिषमपूर्ण परिस्थितिमा आन्दोलनको दौरानबीच यस पत्रकार सम्मेलनमा भेला भएका छौं । मन्त्रीपरिषद्को मिति २०७४ आश्विन २ गते बसेको बैठकले चिकित्सकीय पेशालाई नै कलंकीत पार्ने उद्देश्य बमोजिम, गरिएको गैर जिम्मेवारपूर्ण निर्णयले हामीलाई स्तब्ध तुल्याएको छ । स्वास्थ्य सेवाजस्तो अत्यन्तै संवेदनशिल क्षेत्रमा काम गर्दै आएका चिकित्सकहरुलाई राज्यको तर्फबाट गैर नागरिकको रुपमा व्यवहार गर्नुले हामी आजित भएका छौं । चिकित्सकीय मर्यादा पालना गरि रहेको अवस्थामा शारीरिक हातपात हुन्छ, कार्यरत स्वास्थ्य संस्था नै तोडफोड हुन्छन्, यस्तो अवस्थामा हामीलाई राज्यले सुरक्षा प्रदान गर्ने तर्फ उन्मुख हुनुको साटो चिकित्सक तथा स्वास्थ्यकर्मीलाई लापरवाहीको नाममा राज्य संयन्त्रबाट निरुत्साहित तथा अपहेलना गर्ने चेष्टा बारम्बार हुने गरेको छ ।

विज्ञ सहितको टोलीले छानबिन गर्दा गल्ती वा लापरवाही भएको अवस्थामा विधि र विधान अनुसार सजाय दिने प्रावधान रहिरहेको अवस्थामा चिकित्सकहरुलाई मात्रै लक्षित गरी कानूनी राज्यको उपहास गर्दै गरिएको विवादास्पद निर्णयलाई अबिलम्ब सच्चाउनुको कुनै बिकल्प छैन । यस्तो निर्णयबाट कुनै पनि स्वास्थ्यकर्मीहरुले स्वास्थ्य सेवा प्रदान गर्न सक्ने अवस्था रहँदैन ।

नेपाल सरकारका प्रवक्ता तथा संचारमन्त्रीले क्याविनेटको निर्णयहरु सार्वजनिक गरेको कुरालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आजै जारी प्रेस विज्ञप्तीमा उल्लेख गरिएको **"विभिन्न संचार माध्यममा प्रकाशित समाचारलाई लिएर चिकित्सकहरु आन्दोलित भएको"** वाक्यांशप्रति यस संघ घोर आपत्ति प्रकट गर्दछ । तथापी नेपाल सकारको सच्चिएर आएको निर्णयलाई सकारात्मक रुपमा लिइएको जानकारी गराउँदछु । यद्यथी अन्य मागहरुका सम्बन्धमा कुनै पनि कदम अगाडी नबढाइएका कारण **बन्द कार्यक्रमलाई अर्को सूचना जारी नभएसम्मका लागि निरन्तरता प्रदान गरिदिनु हुन** संघका सम्पूर्ण शाखा कार्यालयहरु, नेपाल भरीका सम्पूर्ण स्वास्थ्यसंस्था, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई यसै पत्रकार सम्मेलन मार्फत सूचित गराउँदछु । साथै आज गरिएको बन्द कार्यक्रम पूर्ण सफल भएकोमा सरोकारवाला सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**हाम्रा मागहरु**

१) २०७४ आश्विन २ गते बसेको मन्त्री परिषद्को बैठकले चिकित्सकहरुलाई मात्रै लक्षित गरी कानूनी राज्यको उपहास गर्दै गरिएको विवादास्पद निर्णयलाई अबिलम्ब सार्वजनिक रुपमा फिर्ता लिनु पर्ने ।

२) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन २०६६ र नियमावली २०६९ लाई आवश्यक परिमार्जन गरी स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामाथी हातपात गर्ने व्यक्ति वा समूहहरुलाई **"Jail without Bail"** (बिना धरौटी जेल चलान) को प्रावधानको उक्त ऐन तथा नियमावलीमा थप गर्नु पर्ने ।

३) नेपाल चिकित्सक संघसँग नेपाल सरकारले विगतका गरेका सम्झौताहरुको अक्षरस कार्यान्वयन हुनु पर्ने जस्तै चिकित्सा शिक्षा ऐन पारित हुनु पर्ने, विरामीहरुमाथी थुपारिदै आएको आएको ५ प्रतिशत अतिरिक्त स्वास्थ्य सेवा शुल्क खारेज हुनु पर्ने ।

हाम्रो यस आन्दोलनको कार्यक्रमबाट देशभरका स्वास्थ्य संस्थामा हुन सक्ने कुनै पनि घटनाका सम्बन्धमा नेपाल सरकार नै पूर्ण जिम्मेवार हुने भएको हुँदा सम्पूर्ण स्वास्थ्यकर्मीहरुले स्वास्थ्य संस्थामा घट्न सक्ने संभावित घटनाहरुको कुनै पनि जिम्मेवारी नलिन समेत सूचित गरिन्छ । यस्तो गैरजिम्मेवारपूर्ण निर्णयको विरुद्धमा संघबाट गरिने विरोधका कार्यक्रमबाट आम सर्व साधारणहरुमा पर्न जाने असुविधाप्रति यस संघ दुख व्यक्त गर्दछ

डा. लोचन कार्की
महासचिव